लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय लमही, दाङ्ग

## लमही नगरपालिकामा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

स्वीकृत मिति : २०७७/०१/०५

**लमही नगरपालिकामा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड ,२०७६**

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि नगरपालिकाबाट राहत उपलब्ध गराउने गरी लमही नगरपालिका नगर कार्यपालिकाको बैठक अनुसार भएको निर्णय कार्यान्वियन गर्न यो मापदण्ड तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम " लमही नगरपालिकामा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बनधी मापदण्ड , २०७६" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागु हुनेछ ।

२. **परिभाषा :** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आमदानी गर्ने दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) "असहाय" भन्नले कसैको लालन पालनमा रही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा वृद्धाश्रममा बस्ने ब्यक्ति सम्झनु पर्छ ।

(ग) "राहत" भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित नगरपालिकाले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले लमही नगरपालिकालाई सम्झनुपर्छ ।

३. **अभिलेख राख्नुपर्नेः** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछः

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने ब्यक्ति,

(ग) ट्रक, ट्रिपर,भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य ब्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

(ङ) आफ्नो नातेदार बाहेकको ब्यक्तिको परिवार दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने ब्यक्ति

(च) गिटी कुट्ने, बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य ब्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुर :

(१) अन्य ब्यक्तिको माल बाहक सवारी तथा डेलीभरि भ्यान चलाउने सवारी चालक, सहचालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

स्वीकृत मिति : २०७७/०१/०५

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैंचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ट) नगरपालिकामा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

माथी जुनसुकै उल्लेख भएता पनि लकडाउनको कारण कुनै परिवारलाई खद्यान्यको चरम अभाव हुन गई उनीहरुको दैनिक साँझ/विहान छाक टार्न समेत नसकिने तथा भोकभोकै बस्नु पर्ने अवास्थ भएको खण्डमा नगरपालिका भित्रका त्यस्ता जुनसुकै परिवारलाई पनि राहत उपलब्ध गराउन सकिनेछ ।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची-१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

**४. राहत वितरण गर्नुपर्नेः** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

**५. राहत सामग्रीः** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका देहायका सामाग्री राहत स्वरुप वितरण गरिनेछ । साथै पाँच जनाको सदस्य भएको प्रति एक इकाई र सो भन्दा बढि भए दुई इकाई मानिनेछ ।

(क) चामल २५ किलोग्राम सम्म

(ख) दाल २ किलोग्राम सम्म

(ग) नुन १ पाकेट सम्म

(घ) खाने तेल १ लिटर सम्म

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

**६. वितरण गर्ने विधिः** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

(क) यस नगरपालिकाले संचालन गरेको लमही खाद्यबैंकमा जम्मा भएको खाद्यान्न र नगरपालिकाले सामाग्री खरिद गरि वितरणका लागि सम्बन्धित वडा हरुलाई उपलब्ध गराउने ।

(ख) वडा समितिले उपदफा १ क बमोजिम खाद्य सामाग्री वितरण गर्दा सर्वदलीय सर्वपक्षीय समिति र प्रहरी प्रशासनको उपस्थितिमा वितरण गर्ने ।

(ग) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाब्य भिड तथा अन्य ब्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने ः

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपुर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

(घ) वडा समितिवाट राहत वितरण गर्दा कुनै कारणवस कुनै परिवारलाई राहत दिन छुट हुन गएको देखिएमा त्यसरी छुटेका अति विपन्न , असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहाय वर्गलाई नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सल्लाह/निर्णय वाट आवश्यकता हेरी सोझै वितरण समेत गर्न सकिनेछ ।

**७. <u>राहत वितरणको अभिलेख र प्रतिवेदनः</u>** (१) सम्बन्धित वडाले वितरणको अनुसूची-२ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति नगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) नगरपालिकाले राहतको प्रतिवदेन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

**८. <u>कारवाही सम्बन्धी ब्यवस्थाः</u>** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका ब्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको रकम नगरपालिकाले निजबाट असुल उपर गर्नु पर्नेछ ।

**<u>(९) यसै मापदण्ड अनुसार भएको मानिने</u>** ः यस मापदण्ड स्वीकृत हुन पूर्व सम्वन्धित वडा समिति तथा नगरकार्यपालिकाको कार्यालयबाट जुनसुकै विधि , प्रक्रिया अपनाई राहत वितरण भएको भएतापनि उक्त राहत यसै यसै मापदण्ड अनुरुप वितरण भएको मानिनेछ ।

स्वीकृत मिति : २०७७/०१/०५

**अनुसूची १**

**(दफा ३ संग सम्बन्धित)**

लमही नगरपालिका

# ......... नं वडा कार्यालय

................................... दाङ ।

## राहत प्राप्त गर्ने वर्गहरुको विवरण

१. नाम थरः

२. बाबुको नामः

३. बाजेको नामः

४. स्थायी ठेगानाः

५. हालको ठेगानाः

६. टेलिफोन वा मोबाइल नं.ः

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः

८. पेश गर्ने गरेको कामको विवरणः

९. पेश गरेको कागजातको विवरणः (तपसिल मध्यको कुनै एक)

(क) नेपाली नागरिकताको प्रमाणको प्रतिलिपि

(ख) सवारी चालक अनुमतिको प्रतिलिपि

(ग) अन्य कुनै

१०. राहत लिने व्यक्तिको स्वः घोषणाः

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचौ हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकः

दस्तखतः

मितिः

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिश गर्ने

टोल विकास संस्थाका पदाधिकारीः

दस्तखतः

नामः

वडा समितिको पदाधिकारीः

दस्तखतः

नामः

स्वीकृत मिति : २०७७/०१/०५

पदः

मितिः

पदः

मितिः

## अनुसूची २

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

लमही नगरपालिका

# .......... नं वडा कार्यालय

...................................... दाङ ।

## राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखतः

नाम थरः

टेलिफोन नं.

स्वीकृत मिति : २०७७/०१/०५

अनुसूची ३

(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

लमही नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

लमही, दाङ

## राहत वितरणको प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**प्रतिवेदन गर्नेको**

**दस्तखतः**

**नाम थरः**

स्वीकृत मिति : २०७७/०१/०५

**टेलिफोन नं.**

स्वीकृत मिति : २०७७/०१/०५

लमही नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## राहत सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपुर्तिकर्ताहरुको विवरण

| सि.नं. | आपूर्तिकर्ताको नाम | ठेगाना तथा टेलिफोन नं. | आपूर्ति गर्न सक्ने सामानको नाम | इकाई | दर रेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रतिवेदन गर्नेको**
**दस्तखतः**
**नाम थरः**
**टेलिफोन नं.**

स्वीकृत मिति : २०७७/०१/०५